आज मिति २०७४।१२।१३ गतेका दिन सरुमारानी गाउँ कार्यपालिकाका अध्यक्ष श्री झगवहादुर विश्वकर्माको अध्यक्षतामा कार्यपालिकाको नियमिति बैठक वस्यो । अन्य उपस्थिति र निर्णय तपपिसल वमोजिम छ :

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री झगवहादुर विश्वकर्मा | |
| २ | उपाध्यक्ष | श्री मीनाकुमारी सोमै | |
| ३ | वडाध्यक्ष वडा नं. २ | श्री वसन्तवहादुर जि.सी. | |
| ४ | वडाध्यक्ष वडा नं. ४ | श्री चिन्तवहादुर सोमै | |
| ५ | वडाध्यक्ष वडा नं. ३ | श्री भिमवहादुर मर्साङ्गी | |
| ६ | वडाध्यक्ष वडा नं. ६ | श्री तुलवहादुर रोका | |
| ७ | वडाध्यक्ष वडा नं. १ | श्री मुकुन्दराज शर्मा | |
| ८ | वडाध्यक्ष वडा नं. ५ | श्री सन्तवहादुर वराल मगर | |
| ९ | सदस्य | श्री मोहम्मद हलिम हलुवाई | |
| १० | सदस्य | श्री टंकप्रसाद सुनार | |
| ११ | सदस्य | श्री सुशीला के.एम. | |
| १२ | सदस्य | श्री चन्द्रिमा थापा | चन्द्रिमा |
| १३ | सदस्य | श्री जिवा सुनार | जिवा सुनार |
| १४ | सदस्य | श्री खिमा सुवेदी | खिमा |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | श्री हिरालाल भण्डारी | |

आमन्त्रित सदस्य हरु

१- ना.सु. मनि बहादुर बुढा

२- लेखापाल मो. वजिर आलम

३- प्रा.स. धन बहादुर राना

०७४।१२।१३

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्युठान ५ नं. प्रदेश, नेपाल २०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रस्तावहरु

१. कार्यालय सहयोगी करार सम्वन्धमा ।

२. ड्राइभिङ तालिम सम्वन्धमा ।

३. वर्थि सेन्टरहरुवाट आकस्मिक रुपमा प्रेषण कोष व्यवस्थापन कार्यविधि सम्वन्धमा ।

४. गाउँसभा मिति तय गर्ने सम्वन्धमा ।

५. कोषवाट भुक्तानी भएको रकम अनुमोदन गर्ने सम्वन्धमा ।

६. रकम बाँडफाँड सम्वन्धमा ।

७. योजना संशोधन सम्वन्धमा ।

८. विविध प्रस्ताव ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका ३ नं. वडा कार्यालयमा कार्यालय सहयोगी पद रिक्त रहेकोमा ऐ वडा नं. ३ वस्ने ठगवहादुर रानालाई मिति २०७४ माघ १ देखि कार्यालय सहयोगी पदमा कामकाजमा लगाइसकिएकोले निजलाई करार नियुक्ति गरिदिन ३ नं. वडा कार्यालयवाट भएको अनुरोध वमोजिम २०७४ माघ १ गतेदेखि नै लागू हुने गरी अर्को व्यवस्था नभएसम्म २०७५ असार मसान्त सम्मका लागि कार्यालय सहयोगी पदमा मासिक रु.८०००।० पारिश्रमिक दिने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार ड्राइभिङ तालिम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने ऊँ सत्य साइ मोटर ड्राइभिङ सेन्टर कपिलवस्तु, नव सूर्य विनायक मोटर ड्राइभिङ इन्स्टीच्यूट कपिलवस्तु र के.सी.मोटर ड्राइभिङ सेन्टर सरुमारानी १ प्यूठानको तुलनात्मक चार्ट अनुसार सवैभन्दा कम रकममा तालिम सञ्चालनको प्रस्ताव पेश गर्ने के.सी.मोटर ड्राइभिङ सेन्टर सरुमारानी १ प्यूठानको प्रस्ताव स्वीकृत गरी गाउँपालिकाले उपलब्ध गराएका सहभागीहरुलाई तालिम सञ्चालन गरी २०७५ ज्येष्ठ २० गते भित्र सम्पन्न गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको वर्थिङ सेन्टरहरुवाट आकस्मिक रुपमा प्रेषण कोष को व्यवस्थापन कार्यविधि,२०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको दोश्रो गाउँसभाको वैठक २०७५ साल वैशाख ६ गते १.० वजेदेखि सरुमारानी गाउँपालिकाको सभाहल बड्डाँडामा गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाको वैठकको निर्णयानुसार दीर्घरोग स्वास्थ्य कोष र विपन्न असहाय कोषबाट अध्यक्षको तोकवाट भुक्तानी गर्ने र सो रकम कार्यपालिकाको वैठकवाट अनुमोदन गराउनु पर्ने भएकोले अध्यक्षको तोकवाट भुक्तानी भएको तपसिल वमोजिमको रकम अनुमोदन गर्ने निर्णय गरियो :

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

क) दीर्घरोग स्वास्थ्य कोषवाट भुक्तानी भएको रकम :

अ) भागिरथ बराल रु. १०,०००।०

आ) कुमारी नुर्का पुन रु. १५,०००।०

इ) सिर्जना वि.क. रु. १५,०००।०

ई) टिकाराम राना रु. २०,०००।०

ख) विपन्न असहाय कोषवाट भुक्तानी भएको रकम :

अ) केर बहादुर वि.क. रु. १०,०००।०

आ) गंगाराम पुन रु. १०,०००।०

इ) बबिता सोमै मगर रु. ५,०००।०

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल वमोजिम रकम बाँडफाँड गर्ने निर्णय गरियो :

कृषि तर्फको किसानसँग गाउँसरकार कार्यक्रमको रु. ५०,००,०००।०

१) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फ : ६,५०,०००।०

क) केरा ब्लक बाँगेसाल रु. ३,००,०००।०

ख) अदुवा ब्लक वडा नं. ३ र ५ रु २,००,०००।०

ग) धान पकेट क्षेत्र वडा नं. २ गनाहा फाँट रु. १,५०,०००।०

२) सामुहिक बाखापालन फर्म सञ्चालन र व्यवस्थापन अनुदान २ वटाको रु. १३०००००।०

३) बाखापालन व्यक्तिगत फर्म अनुदान १८ वटा रु.९०००००।०

४) विपन्न वर्ग बाखा खोर सुधार अनुदान ३० जना रु. ४५००००।०

५) व्यवसायिक मौरीपालन अनुदान सहयोग रु. ४०००००।०

६) व्यवसायिक गाईपालन फर्म अनुदान २ वटा रु. १०००००।०

७) व्यवसायिक भैंसी फर्म अनुदान २ वटा रु. १०००००।०

८) आधुनिक ब्रोइलर कुखुरा पालन व्यवसायिक कुखुरा फर्म १ वटा रु. २०००००।०

९) व्यवसायिक लेयर्स कुखुरा फर्म अनुदान सहयोग १ वटा रु. ५००००।०

१०) बाखापालन तालिम रु. ७५०००।०

११) व्यवसायिक लोकल कुखुरा पालन चल्ला अनुदान ६ वटै वडामा रु. १२००००।०

१२) अध्ययन अवलोकन भ्रमण रु. ५०५०००।०

१३) व्यवस्थापन खर्च रु. १०००००।०

१४) फलफूल वेर्ना वितरण अनुदान सहयोग रु. ५००००।०

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा एम्बुलेन्स खरीद तर्फको रु. १०,००,०००।० लाई सोको सट्टा देहाय बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो :

अ) वड्डाँडा खोपकेन्द्र भवन निर्माण रु. ३,००,०००।०

आ) ददेरी सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माणमा थप रु. ३,००,०००।०

इ) तिराम सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण थप रु. ३,००,०००।०

ई) गनाहा खोपकेन्द्र झ्यालपल्ला र रंगरोगन रु. ५०,०००।०

उ) बाल विकास आधारभूत विद्यालय गनाहा पर्खाल निर्माण रु. ५०,०००।०

८) विविध निर्णय :

क) गाउँपालिका स्तरीय वन डढेलो नियन्त्रण सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न विपद व्यवस्थापन कोषबाट रु. २५,०००।० उपलब्ध गराउने ।

ख) संयुक्त राजनीतिक दलित संघर्ष समिति प्यूठानलाई ५३ औ अन्तरराष्ट्रिय जातीय भेदभाव तथा रंगभेद उन्मुलन दिवस मनाउन रु. १५,०००।० अन्य संस्थालाई दिइने अनुदान शीर्षकबाट उपलब्ध गराउने ।

ग) मिति २०७४।१०।१६ को गाउँकार्यपालिकाको निर्णय अनुसार तावुत खरीदको लागि आवश्यक रकम दिने भन्ने निर्णयानुसार खरीद भै आएको रकम रु ५०,८००।० मर्मत सम्भार कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

घ) यही मिति २०७४ चैत्र २४ गतेदेखि हुन गैरहेको सरुमारानी गाउँपालिका स्तरीय भूमीहीन तथा अव्यवस्थित वसोबास लगत संकलन सम्वन्धी कार्यको लागि भैपरी आउने चालु खर्च शीर्षकबाट प्रचार प्रसार यातायात, खाजा नास्ता र मसलन्द खर्च आदि वापत रु.१,००,०००।० भैपरी आउने चालु शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

ङ) यस गाउँपालिकाको लागि २०७५ असार मसान्त सम्मका लागि चारपांग्रे हलुका सवारी साधन भाडामा लिने निर्णय गरियो ।

च) गाउँपालिका राष्टिय महासंघ नेपालको राष्टिय महाधिवेशन २०७४ चैत्र १७ देखि १९ सम्म काठमाण्डौमा हुन गैरहेको र प्रत्येक गाउँपालिकाहरुले सदस्यता शुल्क वापत वार्षिक रु.२००००।० र महाधिवेशन प्रवेश शुल्क रु. ५०००।० बुझाउनु पर्ने सूचना अनुसार उक्त रकम भैपरी आउने चालु खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

छ) ऐरावती इंगलिस स्कूल सरुमारानी २ दरभान प्यूठानको कक्षा ८ अनुमति माग बमोजिम अनुगमन गर्दा श्रोत व्यक्ति पूर्णवहादुर के.सी.को प्रतिवेदन समेतको आधारमा पूर्वाधार पुगेको देखिदा अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ज) प्रत्येक वडा कार्यालयलाई वडा स्तरीय अनुगमन समितिलाई पारिश्रमिक वापत रु १३५००।० का दरले आयोजना व्यवस्थापन खर्च कन्टेन्जेन्सीबाट विनियोजन गर्ने र प्रति सदस्य दैनिक १०००।० का दरले पारिश्रमिक दिने ।

ञ) यस गाउँपालिकाको दोश्रो चौमासिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन प्रस्तुत गरी छलफल तथा समीक्षा गरियो ।

ट) सरुमारानी गाउँ कार्यपालिकाको मिति २०७४।१०।१५ को निर्णयानुसार स्वीकृत विपद कोष व्यवस्थापन कार्यविधि, २०७४ को परिच्छेद सात को (घ) मा रहेको प्रहरी सरजमीन मुचुल्का भन्ने शव्दको पछि वा वडा समितिको मुचुल्का भन्ने शव्द राख्ने निर्णय गरियो ।

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... प्यूठान ... प्रदेश, नेपाल २०७३

भग बहादुर विश्वकर्मा गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

# "वर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" को व्यवस्थापन कार्यबिधि–२०७४

## सरुमारानी गाउँपालिका बड्डाँडा, प्यूठान

असहाय तथा आर्थिक अवस्था कमजोर भएका मातृ तथा नवजात शिशहरुलाई आर्थिक अवस्था कमजोर भएकै कारण थप उपचारको लागी यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको वर्थिङ्ग सेन्टरहरुबाट प्रशुती सम्बन्धि जटिलता भएका महिलाहरुलाई समयमै गर्भवती र नवजात शिशुलाई सम्वन्धित अस्पतालमा प्रेषण गरी मातृ तथा नवजात शिशु मृत्यु कम गर्न तथा प्रभावकारी प्रेषण प्रणालीको व्यवस्था गर्न प्रेषण भै जाने अस्पताल सम्मको यातायात खर्च आर्थिक सहायता उपलब्ध गराउने उदेश्यले यस सरुमारानी गाउँपालिकाको आ.व. २०७४/०७५ गाउँ सभाको निर्णय अनुसार यस गाउँपालिकामा एक छुट्टै कोष स्थापना गर्ने उल्लेख भएको हुँदा कोष गठन तथा संचालन गर्न वान्छनीय भएकोले यो कार्यबिधि निर्देशिका वनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१) यस कार्यबिधि निर्देशिकाको नाम **"वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" को व्यवस्थापन तथा परिचालन कार्यबिधि २०७४** हो ।

१.२) यो कार्यबिधि २०७४ साउन महिना देखी प्रारम्भ हुने छ ।

**२. परिभाषा :**

बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

२.१) **"अस्पताल"** भन्नाले नेपाल सरकारको स्वामित्वमा संचालन भएका सरकारी र आमा सुरक्षा कार्यक्रम लागु भएका अन्य अस्पतालहरु सम्झनु पर्छ ।

२.२) **"गर्भवती", "सुत्केरी" र "नवजात शिशु"** भन्नाले यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको वर्थिङ्ग सेन्टरहरुबाट प्रशुती वा उपाचार हुन नसक्ने प्रोटोकल अनुसार जटिल प्रकृतिका सरुमारानी गाउँपालिका भित्र बसोवास गर्ने असहाय तथा आर्थिक अवस्था कमजोर भएका **गर्भवती**, स्वास्थ्य संस्थाको वर्थिङ्ग सेन्टरहरुमा प्रशुती भएका २४ घण्टा भित्रका **सुत्केरीहरु** (अन्य सरकारी वा आमा सुरक्षा कार्यक्रम लागु भएका अस्पतालहरुमा उपचार वा सल्यक्रिया गर्नु पर्ने) र स्वास्थ्य संस्थाको वर्थिङ्ग सेन्टरहरुमा प्रशुती भएका जन्म पश्चात् अन्य सरकारी वा आमा सुरक्षा कार्यक्रम लागु भएका वा अन्य सुविधा सम्पन्न अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने २४ घण्टा भित्रका **नवजात शिशुहरु** सम्झनु पर्छ ।

२.३) **"कोष"** भन्नाले यस कार्यबिधि निर्देशिका बमोजिमका गर्भवती तथा नवजात शिशुहरु थप उपचारका लागि प्रेषण गरीएको अस्पतालसम्म पुर्याउन यातायात खर्च वापत एम्वुलेन्स भाडा स्वरुप आर्थिक सहयोग प्रदान गर्न यस गाउँपालिकामा रहेको "वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" सम्झनु पर्छ ।

२.४) **"कार्यबिधि निर्देशिका"** भन्नाले "वर्थिङ्ग सेन्टरहरुवाट आकस्मिक रुपमा प्रेषण कोष" को व्यवस्थापन कार्यबिधि २०७४" सरुमारानी गाउँपालिका सम्झनु पर्छ ।

२.५) **"सिफारिस समिति"** भन्नाले असहाय वा आर्थिक अवस्था कमजोर भएका गर्भवती तथा नवजात शिशुहरुलाई थप उपचारका लागि प्रेषण गरीएको अस्पतालसम्म पुर्याउन यातायात खर्च वापत एम्वुलेन्स भाडा स्वरुप आर्थिक सहयोग प्रदान गराउने प्रयोजनका लागि सिफारिस गर्न गठित **सिफारिस समिति** सम्झनु पर्छ ।

Scanned with CamScanner

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

२.६) **"सम्पर्क केन्द्र"** भन्नाले यस सरुमारानी गाउँपालिकाको आर्थिक शाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृत सम्फनु पर्छ।

२.७) **"समिति"** भन्नाले सिफारिस समितिको सिफारिस उपर छानविन गरि वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष सहायता उपलब्ध गराउने सन्दर्भमा निर्णयका लागि गठित समिति सम्फनु पर्छ।

२.८) **"असहाय वा आर्थिक अवस्था कमजोर भएका"** भन्नाले स्थानिय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिबाट असहाय वर्ग निर्धारण भएको वा यस गाउँपालिकामा गठित सिफारिस समितिले सिफारिस गरेको सरुमारानी गाउँपालिका भित्र वसोवास गर्ने सम्वन्धित सेवाग्राही महिला र नवजात शिशु सम्फनु पर्छ।

**३. वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोषको व्यवस्थापन वापत उपलब्ध गराईने सहयोग रकम सम्बन्धि शर्तहरु :**

असहाय तथा आर्थिक अवस्था कमजोर भएका गर्भवती, सुत्केरी तथा नवजात शिशुहरुलाई देहायबमोजिम शर्तहरुको अधिनमा रही प्रेषण सहायता उपलब्ध गराईनेछ :

३.१) वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोषबाट प्रेषण सहायता पाउन स्थानिय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले असहाय वर्ग निर्धारण गरी सिफारिस गरेको हुनु पर्ने छ।

३.२) गर्भवती तथा नवजात शिशुहरुहरुलाई थप उपचारका लागि प्रेषण गरीएको अस्पतालसम्म पुर्‍याउन लाग्ने यातायात खर्च वापत एम्वुलेन्स भाडा आर्थिक सहायता प्रदान गरीनेछ।

३.३) वर्थिङ्ग सेन्टरहरुबाट प्रशुती हुन नसक्ने प्रोटोकल अनुसार जटिल प्रकृतिका अन्य सरकारी अस्पतालमा प्रशुती हुनसक्ने वा सल्यक्रियाद्धारा उपचार गर्नु पर्ने महिलाहरु हुनुपर्ने छ।

३.४) स्वास्थ्य संस्थाहरुको वर्थिङ्ग सेन्टरहरुबाट प्रशुती भएका जटिलता भै थप उपचार गर्नु पर्ने २४ घण्टा भित्रका सुत्केरी महिलाहरु हुनुपर्ने छ।

३.५) स्वास्थ्य संस्थाको वर्थिङ्ग सेन्टरहरुबाट प्रशुती भएका नवजात शिशुहरु जन्म पश्चात् सुविधा सम्पन्न सरकारी वा आमा सुरक्षा कार्यक्रम लागु भएका वा अन्य सुविधा सम्पन्न अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने २४ घण्टा भित्रका नवजात शिशुहरु हुनुपर्ने छ।

३.६) प्रोटोकल अनुसार नियमित कम्तिमा चार पटक गर्भ जाँच गरेको वा आर्थिक अवस्था अत्यन्त कमजोर भएको वा सिफारिस समितिले सिफारिस गरेको हुनुपर्ने छ।

३.७) स्वास्थ्य संस्थाको वर्थिङ्ग सेन्टरहरुले प्रेषण गरी सिफारिस गरेको सरकारी वा आमा सुरक्षा कार्यक्रम लागु भएको अस्पताल हुनुपर्ने छ।

३.८) निर्देशिका बमोजिम उक्त रकम भुक्तानीको लागी अनिवार्य रुपमा एम्वुलेन्सको विल र सम्वन्धित व्यक्तीको निवेदन हुनु पर्ने छ। एम्वुलेन्स उपलब्ध नभएको खण्डमा मात्र स्वास्थ्य संस्थाको सिफारिस सहित अन्य साधनको विल भरपाई पेश गर्नुपर्ने छ।

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
बडीगाड यमुना
५ नं. प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**४. असहाय वर्ग निर्धारण निम्न बमोजिम स्थानिय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले गर्नुपर्ने छ ।**

४.१)असहाय वा आर्थिक अवस्था अत्यन्त कमजोर भएका - वर्ग "क"
४.२)आर्थिक अवस्था कमजोर भएका - वर्ग "ख"
४.३)आर्थिक अवस्था मध्यम भएका - वर्ग "ग"
४.४) आर्थिक अवस्था सम्पन्न भएका - वर्ग "घ"

५. स्थानिय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले गरेको वर्ग निर्धारण र सिफारिस समितिको निर्णय अनुसार निर्देशिका बमोजिम थप सेवाका लागि प्रेषण गरीएको अस्पतालसम्म पुर्‍याउन एम्वुलेन्स भाडा स्वरुप यातायात खर्च वापत निम्न बमोजिम "वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" आर्थिक सहायता रकम उपलब्ध गराउने :

५.१) वर्ग -"क" लाई शत प्रतिशत
५.२) वर्ग - "ख" लाई ७५ प्रतिशत
५.३) वर्ग - "ग" लाई ५० प्रतिशत

**६. सिफारिस समिती :**

असहाय तथा आर्थिक अवस्था कमजोर भएका मातृ तथा नवजात शिशहरुलाई आर्थिक अवस्था कमजोर भएकै कारण थप उपचारको लागी यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको वर्थिङ्ग सेन्टरहरुबाट प्रशुती जटिलता भएका महिलाहरुलाई समयमै गर्भवती वा नवजात शिशुलाई सम्वन्धित अस्पतालमा प्रेषण गरी मातृ तथा नवजात शिशु मृत्यु कम र प्रभावकारी प्रेषण प्रणालीको व्यवस्था गर्न प्रेषण भै जाने अस्पताल सम्मको यातायात खर्च आर्थिक सहायता उपलब्ध गराउन "वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" बाट उपलब्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :

(क) स्थानिय स्वा. सं. सं. तथा व्य. समितिको अध्यक्ष -अध्यक्ष
(ख) स्थानिय स्वास्थ्य संस्थाको प्रमुख -सदस्य
(ग) स्वास्थ्य संस्थाको नर्सिङ्ग प्रमुख -सदस्य सचिव

**७. "वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" सहायता रकम उपलब्ध गराउने समिती :**

दफा (३) वमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धमा दफा (६) वमोजिमको सिफारिस समितिको सिफारिसको आधारमा "वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" खर्च उपलब्ध गराउने सम्वन्धमा दफा (३) को आधीनमा रहि रकम निर्धारण गरी रकम उपलब्ध गराउन देहाय बमोजिम समिति गठन हुनेछ । यस समितिको बैठक कम्तीमा महिनाको एक पटक वस्नेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष
(ख) गाँउपालिकाको उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(घ) लेखा शाखा प्रमुख - सदस्य
(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**८. वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष सम्बन्धि व्यवस्था :**

दफा (३) वमोजिम असहाय तथा आर्थिक अवस्था कमजोर भएका मातृ तथा नवजात शिशहरुलाई आर्थिक अवस्था कमजोर भएकै कारण थप उपचारको लागी यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको वर्थिङ्ग सेन्टरबाट प्रशुती जटिलता भएका महिलाहरुलाई समयमै गर्भवती वा नवजात शिशुलाई सम्वन्धित अस्पतालमा प्रेषण गरी मातृ तथा नवजात शिशु मृत्यु कम र प्रभावकारी प्रेषण प्रणालीको व्यवस्था गर्न प्रेषण भै जाने अस्पताल सम्मको यातायात खर्च आर्थिक सहायता उपलब्ध गराउन यस सरुमारानी गाउंपालिकाको आ.व. २०७४।०७५ को गाउँसभाको निर्णय अनुसार यस गाउँपालिकामा एक छुट्टै कोष स्थापना गरी कोषमा उल्लेख भए अनुसार सहयोगका लागि यस गाउँपालिकामा छुट्टै एक "वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" स्थापना गरी संचालन गरिने छ । उक्त कोष स्थापनाको लागी सुरुमा रु.९०,०००।- (नब्बे हजार) मात्र व्यवस्थापन हुनेछ । सो रकम यस सरुमारानी गाउँपालिकामा प्राप्त **समानीकरण अनुदानबाट** अनुदान स्वरुप उपलब्ध गराईनेछ । यदि सो भन्दा बढि रकम आवश्यक पर्ने देखीएमा गाउँकार्यपालिकाले निर्णय गरी गाउँसभाबाट अनुमोदन गराई आवश्यकता अनुसार थप रकम विनियोजन गरी व्यवस्था गर्न सकिनेछ । यो कोषमा न्यूनतम रु.२०,०००।- (वीस हजार) मौज्दात रहनेछ । यस कोषको लागी कुनै व्यक्ती वा समुहले रकम उपलब्ध गराउन चाहेमा उपलब्ध गराउन सक्ने छ । यस कोषको व्यवस्थापन दफा (७) वमोजिम गठित समितिले गर्नेछ ।

**९. सिफारिस समितीको काम, कर्तव्य तथा अधिकार :-**

९.१) वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण भएका सेवाग्राहीहरुले आर्थिक सहायताको लागी पेश गरेको निवेदन संकलन गर्ने ।

९.२) तोकिएको समयमा समितिबाट निर्णय गरि "आर्थिक सहायता उपलब्ध गराउने समिती" समक्ष पेश गर्ने ।

९.३) सिफारिस गर्ने निकाय वा पक्षले गरेको सिफारिस, सम्वन्धित व्यक्तीले पेश गरेको निवेदन मिले नमिलेको, आवश्यक कागजात भए नभएको छानबिन गरि सम्वन्धित पक्ष वा व्यक्तीलाई जानकारी गराउने ।

९.४) सामान्यतया निवेदन परेको ७ (सात) दिन भित्र आर्थिक सहायता उपलब्ध गराउने समिती समक्ष सिफारिस गर्ने । कारणवश ढिला भएमा सिफारिस पत्रमा निवेदन दिएको मिति समेत उल्लेख गर्ने ।

९.५) वर्थिङ्ग सेन्टर प्रेषण सहायताका लागि सिफारिस गरी पठाईएका व्यक्तीहरुको विवरण अध्यावधिक गरी राख्ने ।

९.६) सिफारिश गरिएका मध्ये के कति व्यक्तीले प्रेषण सहयोग सेवा लिए नलिएको हो सोको विवरण समेत अध्यवधिक गरी राख्ने र आफु भन्दा माथिल्लो समिती वा निकायले खोजेमा जानकारि गराउने ।

९.७) समितीको बैठक नियमीत बसि प्राप्त निवेदनहरु छानबिन गरी सिफारिस गर्ने ।

**१०. "वर्थिङ्ग सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" सहायता उपलब्ध गराउने समितीको काम, कर्तव्य तथा अधिकार :**

१०.१) दफा (७) वमोजिम संचालित कोषको सिफारिस समितीबाट सिफरिस भई आएका सेवाग्राहिलाई वर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण वापत सहायता रकम उपलब्ध गराउने ।

१०.२) सेवा पाएका सेवाग्राहिको अभिलेख राख्ने ।

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

१०.३) दोहोरो सिफारिस भई आएमा सहायता बापतको रकम प्रवाह नगर्ने र सोको पृष्टपोषण सिफारिस समितीलाई दिने ।

१०.४) बर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोषको संरक्षण, परिचालन र अध्यावधिक गरी राख्ने ।

१०.५) चौमासिक रुपमा सेवाको विवरण र खर्च भएको रकम गाउँकार्यपालिकालाई जानकारी गराउने र कोषमा हुनुपर्ने न्यूनतम मौज्दात रकम राखिराख्न विषेश व्यवस्था मिलाउने ।

१०.६) आवश्यकता अनुसार समितीको वैठक बसि आर्थिक सहायता रकम सम्वन्धित पक्षलाई उपलब्ध गराउने ।

**११. बैंक खाता संचालन :**

"वर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष" को खाता गाउँकार्यपालिकाको निर्णय अनुसार नेपाल सरकार सँग अनुमती लिई सञ्चालनमा रहेको गाउँपालिकाको नजीक पर्ने कुनै बैंकमा खोलीने छ । उक्त रकम निकासा भुक्तानीको निमित्त यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखतबाट सञ्चालीत हुने छ ।

**१२. अभिलेख राख्नु पर्ने :**

१२.१)आर्थिक अभिलेख राख्ने लेखा परिक्षण गराउने र अर्थिक क्रियाकलाप सँग सम्वन्धिअभिलेखलेखा शाखाले राख्ने छ ।

१२.२) सिफारिस सँग सम्वन्धित अभिलेख स्वास्थ्य संस्थाहरुले राख्नु पर्ने छ ।

१२.३) कोषबाट सहायता उपलब्ध गराईएको सम्बन्धित अभिलेख स्वास्थ्य शाखामामा राखीने छ ।

**१३. अनुगमन सम्बन्धि व्यवस्था :**

वर्थिङ सेन्टरहरुवाट आकस्मिक रुपमा प्रेषण कोषबाट सहायता प्रदान गर्ने कार्यको अनुगमन गर्न, यस सरुमारानी गाउँपालिका अन्तरगत रहेको अनुगमन तथा मूल्यांकन समिति तथा, गाउँकार्यपालिकाले आवश्यक ठानेमा अन्य व्यक्ती वा संघ संस्थाका प्रतिनिधिहरुको एक संयन्त्र वनाउन सक्नेछ ।

**१४. कारवाही हुने :**

यस कार्यविधि निर्देशिका विपरित कार्य गर्ने गराउने कुनै पनि व्यक्ती समुह वा यसै कार्यविधि बमोजीम गठित समिती, समितीका पदाधिकारी वा सदस्यहरुलाई समेत प्रचलित कानून बमोजिम कारवाही हुनेछ । सम्वन्धित व्यक्तीले गलत विल भरपाई दिनु वा लिनु हुदैन । यस्तो गरेको प्रमाणीत भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ, उपलब्ध गराइने रकम दिईने छैन, दिई सकेको भएपनि रकम फिर्ता गरिनेछ साथै त्यस्ता गलत कार्य गर्ने निकाय वा व्यक्तीलाई गलत कार्य गर्ने सुचिमा राखी आगामी दिनमा यस्तो सहायता बापतको कुनै पनि सेवा उपलब्ध गराईने छैन ।

**१५. खारेजी र बचाउ :**

यो कार्यविधि निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ । साथै यो कार्यबिधि लागू भए देखि यस अघि यसै कार्यविधि अनुकुल भएका कार्यहरु यस कार्यबिधिले समेटेको हद सम्म यसै कार्यविधि निर्देशिका बमाजिम भएको मानिनेछ ।

Scanned with CamScanner

जग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**सेवाग्राहिले वर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोषबाट सहायता रकम माग गर्दा पेश गर्नु पर्ने कागजातहरु :**

१. एम्बुलेन्सको विल अनिवार्य पेश गर्नुपर्ने छ । एम्बुलेन्सको विल नभएको खण्डमा स्वास्थ्य संस्थाको सिफारिस सहित अन्य साधनको विल भरपाई पेश गर्नुपर्ने छ ।
२. उपचार गर्ने वा उपचार गराएको अस्पतालको प्रमाणीत विल, प्रिस्क्रेप्सन र सो सँग सम्वन्धित अन्य कागजात ।
३. सम्बन्धित व्यक्तीको नागरीकता वा नाबालक भए जन्मदर्ता प्रमाण पत्र ।
४. यस गाउँपालिकामा सन्चालनमा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भनि प्रेषण गरेको सम्बन्धित स्वास्थ्य संस्थाको प्रेषण पुर्जा वा सिफरिस पत्र ।
४. रु १०।- को हुलाक टिकट टाँस गरिएको सम्बन्धित व्यक्तीको निवेदन हुनु पर्ने छ ।
५. सिफारिस समिती वा आर्थिक सहायता उपलब्ध गराउने समितीले आवश्यक ठानेका अन्य कागजात ।

**नोट :** उल्लेखीत कागजातहरुको ओरजीनल वा प्रतीलीपी पेश गरेमा मान्य हुनेछ । तर प्रतीलीपी पेश गर्दा ओरजीनल प्रती पनि देखाउनु पर्ने छ ।

**प्रमाणीकरण र जारी**

प्रमाणीकरण गर्नेको सहि :
नाम, थर :
पद/दर्जा :
मिति :

जग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner